केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/९/०७७/७८

मितिः २०७८/०२/११

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

**(देव कुमार ढकाल)**
**कार्यकारी निर्देशक**

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(१०)श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(११)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(१२)श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।

**नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा**

| क.सं. | विद्यमान निर्देशन | संशोधित निर्देशन |
|---|---|---|
| १. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.२/०७७ को बुँदा १५ को उपबुँदा (क) को खण्ड १ मा संशोधन । | यसरी प्रवाह हुने कर्जाको हकमा सुरक्षण बापत राखिने सेयरको मूल्याङ्कन गर्दा नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट प्रकाशित पछिल्लो १२० कार्य दिनको अन्तिम मूल्यको औसत मूल्य वा सेयरको प्रचलित बजार मूल्यमध्ये जुन कम हुन्छ, सो रकमको बढीमा ७० प्रतिशत रकमसम्म मात्र सेयर धितो कर्जा प्रवाह गर्न सकिनेछ । एकपटक प्रवाह गरिसकेको यस्तो कर्जाको सुरक्षणमा रहेको सेयरको पुनरमूल्याङ्कन गरी सोको आधारमा थप कर्जा सीमा कायम गर्न वा थप कर्जा प्रदान गर्न पाइने छैन । | यसरी प्रवाह हुने कर्जाको हकमा सुरक्षणवापत् राखिने शेयरको मूल्याङ्कन गर्दा नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट प्रकाशित पछिल्लो **१८०** कार्य दिनको अन्तिम मूल्यको औसत मूल्य वा शेयरको प्रचलित बजार मूल्यमध्ये जुन कम हुन्छ, सो मूल्यको बढीमा ७० प्रतिशत रकमसम्म मात्र सेयर धितो कर्जा प्रवाह गर्न सकिनेछ । एकपटक प्रवाह गरिसकेको यस्तो कर्जाको सुरक्षणमा रहेको सेयरको पुनरमूल्याङ्कन गरी सोको आधारमा थप कर्जा सीमा कायम गर्न वा थप कर्जा प्रदान गर्न पाइने छैन । |
| २. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.२/०७७ को बुँदा ३६ को उपबुँदा (४) थप गरी क्रमसंख्या मिलान । | नभएको | **हाल सञ्चालनमा रहेका स्वास्थ्य सेवा प्रदायक संस्था, अस्पताल वा उद्योगहरुलाई लिक्विड अक्सिजन प्लाण्ट वा अक्सिजन प्लाण्ट स्थापना गर्ने प्रयोजनको लागि कर्जा माग भएमा आधार दरमा कर्जा उपलब्ध गराउनु पर्नेछ ।** |
| ३. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.२/०७७ को बुँदा ३९ को प्रतिबन्धात्मक बुँदा (आ) थप गरी क्रमसंख्या मिलान । | नभएको | **ब्याज पुँजीकरणको लागि यस बैंकबाट स्वीकृति प्राप्त गरिसकेका विद्युत परियोजनाहरुको Required Commercial Operation Date परिवर्तन भएमा परिवर्तित अबधिसम्मको ब्याज पुँजीकरण गर्न यस बैंकको स्वीकृति आवश्यक पर्ने छैन ।** |

## नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | विद्यमान निर्देशन | संशोधित निर्देशन |
|---|---|---|
| ४. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.६/०७७ को बुँदा १६ को उपबुँदा (क) को खण्ड ३ मा संशोधन। | प्रत्यक्ष अनुदान खर्च : अति विपन्न वर्गका लागि शिक्षा तथा स्वास्थ्यमा हुने खर्च व्यहोरिदिने गरी हुने प्रत्यक्ष अनुदान खर्च वा त्यस्ता क्षेत्रमा संलग्न तथा क्रियाशील संस्थाहरुको भौतिक संरचना निर्माण, साधन खरिद सञ्चालन खर्च आदिमा दिइने प्रत्यक्ष अनुदान खर्च। | प्रत्यक्ष अनुदान खर्च : **राष्ट्रिय महत्वका आविष्कार केन्द्र, मानव सेवा जस्ता परोपकारी कार्य गर्ने एवं अति विपन्न वर्गका लागि शिक्षा तथा स्वास्थ्यमा क्रियाशील संस्थालाई बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको रकम । सम्बन्धित संस्थाले प्राप्त गरेको उक्त रकम जीवन रक्षा, सार्वजनिक हित वा परोपकारी कार्यमा खर्च भएको प्रमाणित विवरण बैंक तथा वित्तीय संस्थाले प्राप्त गरी अद्यावधिक गरी राख्नु पर्नेछ।** |
| ५. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.६/०७७ को बुँदा १६ को उपबुँदा (क) को खण्ड ५ मा संशोधन। | **बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीको लागि कोभिड १९ जस्ता महामारीजन्य रोगबाट सुरक्षित राख्न, रोकथाम गर्न तथा उपचार गर्दा लाग्ने (वास्तविक बिल बमोजिमको) खर्च।** | **महामारीको हालको विषम परिस्थितिलाई दृष्टिगत गरी बैंक तथा वित्तीय संस्थाले अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर, जीवन रक्षक भ्याक्सिन, औषधी आदिको सहज आपूर्तिको लागि प्रत्यक्ष रुपमा गरेको खर्च एवं संस्थामा** कार्यरत कर्मचारीको लागि कोभिड-१९ जस्ता महामारीजन्य रोगबाट सुरक्षित राख्न, रोकथाम गर्न तथा उपचार गर्दा लाग्ने (वास्तविक बिल बमोजिमको) खर्च। |
| ६. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.६/०७७ को बुँदा १६ को उपबुँदा (ग) मा संशोधन। | बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा बिषय (जस्तैः शिक्षा, स्वास्थ्य आदि) मा मात्र सीमित नभई आफ्नो कार्यक्षेत्रभित्रका विभिन्न भौगोलिक क्षेत्र तथा बिषयहरुमा न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ। | बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा विषय (जस्तैः शिक्षा, स्वास्थ्य आदि) मा मात्र सीमित नभई आफ्नो कार्यक्षेत्रभित्रका **भौगोलिक क्षेत्रमा जीवन रक्षा, सार्वजनिक हित तथा परोपकारी कार्यलाई प्राथमिकतामा राखी** न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ। |
| ७. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.८/०७७ को बुँदा ३ को उपबुँदा (१) मा संशोधन। | (१) सर्वसाधारणमा सेयर बिक्री गरी धितोपत्र विनिमय बजारमा सूचीकृत भइसकेको संगठित संस्थाको सेयर तथा डिबेञ्चरमा मात्र लगानी गर्नु पर्नेछ। | सर्वसाधारणमा शेयर बिक्री गरी धितोपत्र विनिमय बजारमा सूचीकृत भइसकेको संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा **एक वर्षभन्दा बढी अवधिको लागि मात्र लगानी गर्न पाइनेछ। बैंक तथा वित्तीय संस्थाले कुनै पनि किसिमको प्रबन्धबाट संगठित संस्थाको शेयरमा अल्पकालीन लगानी गर्न पाउने छैनन्।** |

# नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | विद्यमान निर्देशन | संशोधित निर्देशन |
|---|---|---|
| ८. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.८/०७७ को बुँदा ३ को उपबुँदा (४) थप गरी क्रमसंख्या मिलान । | नभएको | **(४) खरीद गरेको एक वर्ष व्यतीत भएका लगानी मध्येबाट एक आर्थिक वर्षमा प्राथमिक पूँजीको १ प्रतिशत रकमसम्मको लगानी मात्र बिक्री गर्न सक्नेछन् ।<br>तर, यसअघि (मिति २०७८।०२।१० सम्म) लगानी गरेका शेयर २०७९ असार मसान्तभित्र बिक्री गर्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन ।<br>(५) इ.प्रा.नि. नं. १७ को बुँदा नं ५ बमोजिम विपन्न वर्ग कर्जामा गणना गर्ने प्रयोजनको लागि बाहेक 'घ' वर्गको लघुवित्त वित्तीय संस्थाको शेयरमा लगानी गर्न पाइने छैन । यसअघि (मिति २०७८।०२।१० सम्म) त्यस्तो शेयर खरीद गरेको भए २०७८ पुस मसान्तभित्र बिक्री/विनिवेश गरिसक्नुपर्नेछ ।** |
| ९. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.८/०७७ को बुँदा ३ को उपबुँदा (४) मा संशोधन । | Trading Book Activities मा हुने लगानी बढ्दै गएको र यसले संस्थाको लगानीमा निहित जोखिम बढाउने देखिएकोले सम्बन्धित संस्थाले त्यस्ता कार्यहरुबाट हुन सक्ने जोखिमको न्यूनीकरणका लागि आवश्यक उपायहरु अवलम्बन गरेर मात्र लगानी गर्नुपर्ने छ । साथै, व्यापारिक लगानीमा आफ्नो प्राथमिक पुँजीको एक प्रतिशतसम्म मात्र लगानी गर्न सक्नेछन् । | हटाइएको । |
| १०. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.१५/०७७ को बुँदा १ को उपबुँदा १ र ३ मा संशोधन । | प्रचलित कानुन तथा देहायको व्यवस्थाको अधीनमा रही इजाजतपत्रप्राप्त संस्थाले निक्षेपको ब्याजदर तथा गणना विधि आफैंले निर्धारण गर्न सक्नेछन् ।<br>(१) निक्षेपमा दिने ब्याजदर मासिक रुपमा मात्र परिवर्तन गर्न सकिनेछ । आगामी महिनाको लागि निक्षेपमा लागु हुने ब्याजदर सम्बन्धी सुचना नेपाली | प्रचलित कानून तथा देहायको व्यवस्थाको अधीनमा रही इजाजतपत्रप्राप्त संस्थाले निक्षेपको ब्याजदर तथा गणना विधि आफैंले निर्धारण गर्न सक्नेछन् :-<br>(१) निक्षेपमा दिने ब्याजदर मासिक रुपमा मात्र परिवर्तन गर्न सकिनेछ । आगामी महिनाको लागि निक्षेपमा लागू हुने ब्याजदरसम्बन्धी सूचना नेपाली महिना शुरु हुनुपूर्व प्रकाशित गरि सक्नुपर्ने छ । |

| क्र.सं. | विद्यमान निर्देशन | संशोधित निर्देशन |
|---|---|---|
| | महिना सुरु हुनु पूर्व प्रकाशित गरिसक्नुपर्ने छ ।<br>(२) विभिन्न प्रकारका बचत खाताहरुमा दिइने ब्याजदरको अन्तर २ प्रतिशत विन्दु भन्दा बढीले फरक पार्न पाईने छैन । बचत खाताको ब्याजदर परिवर्तन गर्दा सबै प्रकृतिको बचत खातालाई समान रुपमा लागू हुने गरी ब्याजदर समायोजन गर्नु पर्नेछ ।<br>(३) माग तथा अल्प सूचनामा आधारित निक्षेप (Call Deposit) मा बचत निक्षेपमा प्रदान गरिने न्यूनतम ब्याजदरको पचास प्रतिशत भन्दा बढी ब्याज प्रदान गर्न पाइने छैन् । यस्ता खाताहरुमा चेक जारी गर्न पाइने छैन । Call Deposit तथा संस्थागत मुद्दती निक्षेप बाहेक अन्य निक्षेपको हकमा प्रकाशित ब्याजदरमा शून्य दशमलव पाँच प्रतिशत बिन्दुसम्म बढाउन सकिनेछ ।<br>तर,<br>(क) अक्षयकोष वापतको रकम मुद्दती निक्षेपको रुपमा स्वीकार गर्दा भने बैंक तथा वित्तीय संस्था र ग्राहक बीचको आपसी सहमतिको आधारमा ब्याजदर कायम गर्न सकिनेछ ।<br>(ख) **बोलकवोल (Bidding) को आधारमा संकलन हुने मुद्दती निक्षेपको हकमा प्रकाशित ब्याजदरमा नबढ्ने गरी निक्षेप संकलन गर्नु पर्नेछ । यसरी प्रकाशित ब्याजदर तीन महिना सम्म परिवर्तन गर्न पाइने छैन ।** | **तर, बोलकवोल (Bidding) को आधारमा संकलन हुने मुद्दती निक्षेपको हकमा प्रकाशित ब्याजदर तीन महिनासम्म परिवर्तन गर्न पाइने छैन ।**<br>(२) विभिन्न प्रकारका बचत खाताहरुमा दिइने ब्याजदरको अन्तर २ प्रतिशत बिन्दुभन्दा बढीले फरक पार्न पाईने छैन । बचत खाताको ब्याजदर परिवर्तन गर्दा सबै प्रकृतिको बचत खातालाई समान रुपमा लागू हुने गरी ब्याजदर समायोजन गर्नु पर्नेछ ।<br>(३) माग तथा अल्प सूचनामा आधारित निक्षेप (Call Deposit) मा बचत निक्षेपमा प्रदान गरिने न्यूनतम ब्याजदरको पचास प्रतिशतभन्दा बढी ब्याज प्रदान गर्न पाइने छैन । यस्ता खाताहरुमा चेक जारी गर्न पाइने छैन । Call Deposit तथा संस्थागत मुद्दती निक्षेपबाहेक अन्य निक्षेपको हकमा प्रकाशित ब्याजदरमा शून्य दशमलव पाँच प्रतिशत बिन्दुसम्म बढाउन सकिनेछ ।<br>तर,<br>(क) अक्षयकोष वापतको रकम मुद्दती निक्षेपको रुपमा स्वीकार गर्दा भने बैंक तथा वित्तीय संस्था र ग्राहक बीचको आपसी सहमतिको आधारमा ब्याजदर कायम गर्न सकिनेछ ।<br>(ख) बोलकवोल (Bidding) को आधारमा संकलन हुने मुद्दती निक्षेपको हकमा प्रकाशित ब्याजदरमा नबढ्ने गरी निक्षेप संकलन गर्नु पर्नेछ । |

# नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | विद्यमान निर्देशन | संशोधित निर्देशन |
|---|---|---|
| ११. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.१५/०७७ को बुँदा ३ को उपबुँदा २ मा प्रतिबन्धात्मक वाक्यांश थप गर्ने । | कर्जा प्रवाह गर्दा ऋणीसँग गरिने सम्झौतामा वार्षिक पेनाल ब्याजदर २ प्रतिशत विन्दु भन्दा बढी नहुने गरी उल्लेख गर्नुपर्नेछ । पेनाल ब्याज गणना गर्दा म्याद नाघेको साँवा रकममा वार्षिक पेनाल ब्याजदरले विलम्ब भएको समयावधिका लागि कायम हुन आउने रकम भन्दा बढी लिन र पेनाल ब्याजमा ब्याज लाग्ने गरी रकम असुल उपर गर्न पाइने छैन । | कर्जा प्रवाह गर्दा ऋणीसँग गरिने सम्झौतामा वार्षिक पेनाल ब्याजदर २ प्रतिशत विन्दुभन्दा बढी नहुने गरी उल्लेख गर्नुपर्नेछ । पेनाल ब्याज गणना गर्दा म्याद नाघेको साँवा रकममा वार्षिक पेनाल ब्याजदरले विलम्ब भएको समयावधिका लागि कायम हुन आउने रकम भन्दा बढी लिन र पेनाल ब्याजमा ब्याज लाग्ने गरी रकम असुल उपर गर्न पाइने छैन ।<br><br>**तर, कोभिड-१९ संक्रमण न्यूनीकरणका लागि जारी भएको निषेधाज्ञा अवधिभर र सो अवधि समाप्त भएको ७ दिनसम्म बैंक तथा वित्तीय संस्थाहरुले ग्राहकबाट कर्जा असुलीमा कुनैपनि प्रकारको पेनाल्टी वा अतिरिक्त शुल्क लिन पाइने छैन ।** |
| १२. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.१५/०७७ को बुँदा ४ को उपबुँदा (५) को खण्ड ख मा संशोधन । | वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७७ असार मसान्तभित्र एकीकृत कारोबार संचालन गरेमा २०७८ असारमसान्तसम्म । | वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई **२०७८** असार मसान्तभित्र एकीकृत कारोबार संचालन गरेमा **२०७९** असारमसान्तसम्म । |
| १३. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.१५/०७७ को बुँदा ५ मा उपबुँदा १ थप गरी क्रमसंख्या मिलान । | हाल नभएको | **बैंक तथा वित्तीय संस्थाहरुले निक्षेप र कर्जाको ब्याजदर परिवर्तनसम्बन्धी जानकारी सम्बन्धित ग्राहकलाई एसएमएस/इमेलमार्फत् तत्काल उपलब्ध गराउनु पर्नेछ ।** |

# नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | विद्यमान निर्देशन | संशोधित निर्देशन |
| --- | --- | --- |
| १४. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.१६/०७७ को बुँदा ३ को उपबुँदा २ मा संशोधन। | (२) इजाजतपत्रप्राप्त संस्थाले कारोबार नभएका बचत खाताको हकमा ३ वर्ष एवम् कल खाता र चल्ती खाताको हकमा ६ महिना भन्दा बढी समयावधि व्यतित भएपछि त्यस्तो खाता निष्कृय (Dormant) गर्नुपर्नेछ । यस अघि बैंक तथा वित्तीय संस्थाको नीतिगत व्यवस्था बमोजिम निष्कृय गरिएका खाताहरुको हकमा यसै व्यवस्था बमोजिम अध्यावधिक गर्नुपर्नेछ । साथै, सो खाता सक्रिय गर्दा संस्थाको ग्राहक पहिचान सम्बन्धी नीति बमोजिम अद्यावधिक भएको खाताको हकमा सम्बन्धित ग्राहकको निवेदनवाहेक अन्य कागजात लिन आवश्यक हुने छैन । | (२) इजाजतपत्रप्राप्त संस्थाले कारोबार नभएका बचत खाताको हकमा ३ वर्ष एवम् कल खाता र चल्ती खाताको हकमा ६ महिना भन्दा बढी समयावधि व्यतीत भएपछि त्यस्तो खाता निष्क्रिय (Dormant) गर्नुपर्नेछ। यस अघि बैंक तथा वित्तीय संस्थाको नीतिगत व्यवस्थाबमोजिम निष्क्रिय गरिएका खाताहरुको हकमा यसै व्यवस्थाबमोजिम अध्यावधिक गर्नुपर्नेछ। सो खाता सक्रिय गर्दा संस्थाको ग्राहक पहिचानसम्बन्धी नीति बमोजिम अद्यावधिक भएको खाताको हकमा सम्बन्धित ग्राहकको निवेदनवाहेक अन्य कागजात लिन आवश्यक हुने छैन।<br><br>**साथै, कोभिड-१९ बाट विकसित भएको असहज परिस्थितिलाई मध्यनजर गरी विद्युतीय माध्यमबाट समेत ग्राहक पहिचान अद्यावधिक गरी/गराई सो को पुष्टि गर्ने व्यवस्था गरी निष्क्रिय खाता सुचारु गर्न सकिने छ।** |
| १५. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.१७/०७७ को ने.रा.बैंक निर्देशन फा.नं १७.१ मा संशोधन। | विद्यमान ने.रा.बैंक निर्देशन फा.नं १७.१ (संलग्न गरिएको) | संशोधित ने.रा.बैंक निर्देशन फा.नं १७.१<br><br>(संलग्न गरिएको) |
| १६. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.२१/०७७ को बुँदा ४८ थप गरी क्रमसंख्या मिलान। | हाल नभएको | **<u>कोभिड-१९ संक्रमण न्यूनीकरणका लागि जारी भएको निषेधाज्ञा अवधिको लागि विशेष व्यवस्था</u>**<br><br>**(क) निषेधाज्ञा अवधिभर र सो अवधि समाप्त भएको एक महिनासम्म बैंक तथा वित्तीय संस्थाले कुनै पनि प्रकारको असुलीसम्बन्धी सूचना वा लिलामीसम्बन्धी सूचना जारी गर्न पाइने छैन।** |

# नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | विद्यमान निर्देशन | संशोधित निर्देशन |
|---|---|---|
| | | (ख) निषेधाज्ञा अवधिमा म्याद समाप्त भएका मुद्दति निक्षेप, जमानत तथा प्रतीतपत्र र अन्य कर्जाको हकमा सम्बन्धित ग्राहकले अनुरोध गरेमा बैंक तथा वित्तीय संस्थाले आवश्यक प्रक्रिया पूरा गरी नवीकरण गर्न सक्नेछन् ।<br>(ग) बैंक तथा वित्तीय संस्थाले निषेधाज्ञाको अवधिमा कर्जाको किस्ता वा ब्याज भुक्तानी गरी विश्वसनीयता कायम गर्नसक्ने ग्राहकलाई प्रोत्साहनस्वरुप ब्याजदर वा ब्याज रकममा छुट प्रदान गर्न सक्नेछन् । सञ्चालक समितिले यस्तो छुटसम्बन्धी व्यवस्थाको निर्णय गरी वेबसाइटमा सार्वजनिक गरी पारदर्शी ढंगले लागू गर्नुपर्नेछ । |

***कृषि, जलविद्युत/उर्जा तथा पर्यटन क्षेत्र र साना तथा मझौला उद्योगमा भएको कर्जा लगानीको मसिक विवरण***

(रु. दश लाखमा)

| S.No | विवरण | स्वीकृत कर्जा सीमा | कर्जा बक्यौता रकम | कुल कर्जामा स्वीकृत कर्जा सीमाको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| **१** | **कृषि** | | | | |
| १.१ | फलफूल खेती वा फलफूल प्रशोधन, | | | | |
| १.२ | खाद्यवस्तुको उत्पादन र प्रशोधन तथा भण्डारण, | | | | |
| १.३ | पशुपालन, पक्षीपालन (अष्ट्रिच समेत), पशुपक्षी प्रजनन, चल्ला काड्ने व्यवसाय र मासु उत्पादन तथा प्रशोधन, | | | | |
| १.४ | दूध उत्पादन तथा दुग्ध पदार्थ प्रशोधन उद्योग (दूधजन्य परिकार उत्पादन समेत), | | | | |
| १.५ | मत्स्यापालन, माछाभूरा उत्पादन तथा प्रशोधन | | | | |
| १.६ | कृषि उपज प्रमुख कच्चापदार्थ हुने पशुपंछीको दाना, | | | | |
| १.७ | रेशम खेती तथा रेशम प्रशोधन, | | | | |
| १.८ | चिया बगान, चिया प्रशोधन, | | | | |
| १.९ | कफी खेती, कफी प्रशोधन, | | | | |
| १.१० | जडिबुटी खेती, जडिबुटी प्रशोधन, | | | | |
| १.११ | तरकारी बीउ बिजन उत्पादन, | | | | |
| १.१२ | तरकारी खेती तरकारी प्रशोधन, | | | | |
| १.१३ | हरित गृह (ग्रीन हाउस) स्थापना र सञ्चालन, | | | | |
| १.१४ | मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन), | | | | |
| १.१५ | पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने ,सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत), | | | | |
| १.१६ | नर्सरी व्यवसाय, वनस्पति उद्यान स्थापना, संरक्षण तथा व्यवस्थापन, वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चर समेत), | | | | |
| १.१७ | रबर खेती, रबरको प्रारम्भिक प्रशोधन , | | | | |
| १.१८ | शीत भण्डार, कृषि बजार सञ्चालन तथा व्यवस्थापन, | | | | |
| १.१९ | सामूदायिक, कबुलियति, साझेदारी, निजी वन तथा कृषि वनको स्थापना र व्यवस्थापन, अन्य गैर काष्ठजन्य वन पैदावार | | | | |
| १.२० | नगदेबालीको  व्यावसायिक खेती तथा प्रशोधन (ऊखु, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया, रेवौडिएन, सुर्ति, जुट, अलैंची, अदुवा, केशर,तेलहन, मसला बाली, दलहन आदि तथा तिनको बिउ उत्पादन ) | | | | |
| १.२१ | बेत, बाँस, खेती, बेत बाँस तथा अन्य प्राकृतिक रेशाजन्य उत्पादनहरु | | | | |
| १.२२ | बीउ बिजन प्रशोधन | | | | |
| १.२३ | स:मिल, फर्निचर लगायतका काष्ट  काष्ठजन्य उद्योग | | | | |
| १.२४ | पार्केटिङ्ग, सिजनिङ्ग, ट्रिटमेण्ट प्लाण्ट, प्लाइउड, कम्पोजिट, बोर्ड जस्ता काष्ठजन्य उद्योग | | | | |
| १.२५ | कागज, रेजिन लगायत अन्य  काष्ठजन्य वन पैदावारमा आधारित उद्योग | | | | |
| १.२६ | च्याउ, नयाँ प्रविधिद्वारा बिरुवा उत्पादन गर्ने उद्योग (टिस्युकल्चर), एग्रोफरेस्ट | | | | |
| १.२७ | कपास खेती, कपास र कपासको बीउ उत्पादन तथा प्रशोधन | | | | |
| १.२८ | कृषि उपकरण | | | | |
| १.२९ | मलखाद तथा किटनाशक (कृषि सँग सम्बन्धित) | | | | |
| १.३० | कृषि ऋणपत्रमा गरेको लगानी | | | | |
| **२** | **जलविद्युत/उर्जा** | | | | |
| २.१ | जलविद्युत | | | | |
| २.२ | नवीकरणीय उर्जा | | | | |
| २.३ | उर्जा ऋणपत्रमा गरेको लगानी | | | | |
| **३** | **पर्यटन क्षेत्र** | | | | |
| ३.१ | ट्रेकिङ्ग, ट्राभल एजेन्सी, पर्वतारोहण, रिसोर्ट, राफ्टिङ्ग, क्याम्पिङ्ग आदि | | | | |
| ३.२ | होटल (अन्य सेवा समेत) | | | | |
| ३.३ | मनोरंजन, रिक्रिएसन, चलचित्र | | | | |
| ३.४ | सार्वजनिक शहरी यातायात सेवा | | | | |
| **४** | **साना तथा मझौला उद्योग तफ** | | | | |
| ४.१ | साना  उद्योग | | | | |
| ४.२ | मझौला उद्योग | | | | |
| | कृषि, जलविद्युत/उर्जा तथा पर्यटन क्षेत्रको कुल (१+२+३) | | | | |
| | **संस्थाको कुल कर्जा लगानी** | | | | |
| | **६ महिना अघिको संस्थाको कुल कर्जा लगानी** | | | | |